आठराई गाउँपालिका

# आठराई राजपत्र

आठराई गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५) सक्रान्तिबजार, तेह्रथुम        महिना असोज १० गते, २०८० साल (संख्या १७)

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०^/!)

भाग-२

आठराई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सक्रान्तिबजार, तेह्रथुम

## दीर्घरोगी तथा विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

# दीर्घरोगी तथा विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

स्थानीय सरकारले गरिब तथा विपन्न नागरिकहरुको स्वास्थ्य उपचार सुनिश्चित गर्दै आठराई गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकले "दीर्घ रोगी तथा विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन निर्देशिका, २०८०" जारी गरी नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्न यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

क. यस निर्देशिकाको नाम "**दीर्घ रोगी तथा विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन निर्देशिका, २०८०**" रहनेछ ।

ख. यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषा :-**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. "स्वास्थ्य संस्था" भन्नाले यस यस आठराई गाउँपालिका अन्तर्गत रहेका सरकारी स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

ख. "स्वास्थ्य वीमा" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य वीमा वोर्डबाट सञ्चालन गरिएको स्वास्थ्य वीमा कार्यक्रमलाई सम्झनु पर्दछ ।

ग. "कोष" भन्नाले आठराई गाउँपालिकामा स्थापना गरिएको दीर्घ रोगी तथा विपन्न नागरिक सहायता कोष सम्झनु पर्दछ ।

घ. "गरिव/विपन्न सेवाग्राही नागरिक" भन्नाले सम्वन्धित सेवाग्राहीको स्थायी वसोवास रहेको वडाको वडा कार्यालय/आठराई गाउँपालिकावाट सिफारिस गरेको अवस्थालाई बुझ्नुपर्नेछ ।

ङ. "दीर्घरोगी" भन्नाले नेपाल सरकारवाट कडा रोग भनी सुचिकृत गरिएका मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, सिकल सेल एनिमिया लगाएतका रोगहरु सहित लामो समय सम्म नियमित औषधि सेवन गर्नुपर्ने जस्तै दम, सुगर जस्ता रोगहरु भनी प्रस्ट रुपमा चिकित्सकबाट प्रमाणित भएको अबस्थालाई सम्झनुपर्नेछ ।

च. "अध्यक्ष" भन्नाले आठराई गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ ।

ज. "स्वास्थ्य संयोजक" भन्नाले आठराई गाउँपालिकाको अन्तर्गत स्वास्थ्य शाखाको स्वास्थ्य संयोजक सम्झनुपर्नेछ ।

झ. "सोधभर्ना रकम" भन्नाले दीर्घरोगी वा अति विपन्न नागरिक सहित निजको परिवारको सदस्यहरु स्वास्थ्य वीमा गरे वापत हुन अउने रकम लाई सम्झनुपर्दछ ।

ञ. "स्थानीय नागरिक" भन्नाले यस आठराई गाउँपालिकामा कम्तिमा ६ महिनादेखि स्थायी रुपमा बसोवास गर्दै आएको नागरिकलाई सम्झनु पर्दछ ।

ट. “स्वास्थ्य वीमा दर्ता सहयोगी”भन्नाले स्थानीय वडा अन्तर्गत स्वास्थ्य वीमा कार्यक्रमको लागी छनौट भई कार्यरत दर्ता सहयोगी सम्झनु पर्दछ ।

ठ. “प्राथमिक सेवा विन्दु” भन्नाले स्वास्थ्य वीमा कार्यक्रममा आबद्ध हुदा स्थानीय नागरिकले स्वास्थ्य वीमा कार्यक्रमको नियमानुसार तोकिएको पहिलो सेवा लिने स्वास्थ्य संस्थालाई बुझ्नुपर्दछ ।

**३. गाउँपालिका स्तरीय सिफारिस समिति :-**

क. अध्यक्ष - संयोजक

ख. अध्यक्षले तोकेको दलित महिला कार्यपालिका सदस्य एक जना - सदस्य

ग. स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

**४. काम कर्तव्य अधिकार**

क. नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रममा गाउँपालिकाबाट विनियोजित बजेटको परिधिभित्र रही सबै वडामा १०/१० प्रतिशतका दरले हुन आउने संख्याका घरधुरीलाई नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराउने घरधुरी संख्या तोक्ने

ख. वडाबाट सिफारिस प्राप्त भए पश्चात एकीकृत विवरण तयार गर्ने ।

ग. वडाबाट प्राप्त विवरणमा बाँकी ३० प्रतिशत घरधुरीहरु छनौट गर्ने ।

घ. दफा ख र ग बमोजिमको एकमुष्ट लाभग्राहीको विवरण तयार गरी कार्यपालिकामा सिफारिस गर्ने ।

**५. वडा सिफारिस समिति :-**

दफा ४ को (क) बमोजिम तोकिएको संख्यामा घरधुरी छनौट गरी पठाउन देहाय बमोजिम वडा सिफारिस समिति रहनेछ ।

क. वडा अध्यक्ष – संयोजक

ख. दलित महिला वडा सदस्य – सदस्य

ग. वडा सचिव – सदस्य सचिव

**६. वडा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ : -**

क. यस निर्देशिका बमोजिम पेश हुन आएका अनसूची १ बमोजिमका निवेदन एवं कागजात उपर जाँचवुझ गर्ने ।

ख. प्राप्त कागजात र वडा कार्यालयमा उपलब्ध प्रमाणको आधारमा स्वास्थ्य वीमामा समावेश गर्नुपर्ने घरधुरीको प्राथमिकता निर्धारण गर्ने ।

ग. पालिकाबाट तोकिएको संख्यामा दिर्घरोगी वा विपन्न नागरिक सहित निजको परिवारका सदस्यको नि:शुल्क स्वास्थ्य वीमाको लागि सिफारिस गर्ने ।

**७. वडा तथा पालिकाले सिफारिस गर्ने अधार :-**

वडा तथा पालिका स्तरीय सिफारिस समितिले देहायको आधारमा दीर्घरोगी तथा विपन्न बर्गका लाभग्राही छनोट गर्नेछ ।

क. चिकित्सकले प्रमाणित गरेको वा उपचार गरेको पूर्जाको आधारमा दीर्घरोगी भएको परिवार ।

ख. निवेदकको परिवार सदस्यको नाममा रहेको घर/जग्गा/जमिन र सोको उत्पादकत्व एवं अवस्थितिको ।

ग. निवेदकको परिवार सदस्यको रोजगारीको अवस्था ।

घ. गरिव पहिचान भई परिचयपत्र वितरण गरेको भए परिचयपत्र ।

ङ. समितिले ठानेका अन्य उपयुक्त आधार ।

८. **लाभग्राही छनौट र स्वास्थ्य वीमा गर्ने प्रकृया :-**

यस कार्यविधिबमोजिम स्वास्थ्य वीमा कार्यक्रममा समावेश हुन देहायको प्रक्रिया पूरा गर्नुपर्ने छ:

क. गाउँ पालिका तथा वडा कार्यालय यो कार्यविधि लागू भएपछि पहिलो पटकका लागि लागू भएको एक महिनाभित्र र सो भन्दा पछि असार महिनाको ७ गतेभित्र नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रममा समावेश हुन सूचना जारी गर्नेछ।

ख. सूचना बमोजिम उक्त कार्यक्रममा समावेश हुन चाहने दीर्घरोगी तथा विपन्न परिवारको नेपाली नागरिकताप्राप्त सदस्यले सम्बन्धित वडा कार्यालयमा / गाउँ पालिकामा तोकिएको ढाँचामा तोकिएका कागजातहरूसमेत संलग्न राखी निवेदन दिनुपर्नेछ।

ग. प्राप्त निवेदनउपर सम्बन्धित सिफारिस समितिले जाँचबुझ गरी प्राथिमकताको आधारमा सूची तयार गरी गाउँ पालिकामा पठाउनेछ।

घ. सम्बन्धित वडा कार्यालय /गाउँपालिकाको कार्यालयवाट भएको सिफारिसको आधारमा पालिकास्तरीय सिफारिस समितिले एकीकृत विवरण तयार गरी सार्वजनिक गर्नेछ।

ङ. गाउँपालिकाले सार्वजनिक गरिएको परिवारका सदस्यहरूलाई स्वास्थ्य वीमा कार्यक्रममा सहभागी हुन ७ (सात) दिनको सूचना कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरूमा टाँस गरी स्वास्थ्य वीमा गरिदिनेछ।

च. यो कार्यक्रम सञ्चालनको लागि प्रशासनिक तथा व्यवस्थापकीय काम गर्न गाउँ पालिकाले कुनै कर्मचारीलाई तोक्ने छ।

छ. यस कार्यक्रमको सचिवालय स्वास्थ्य शाखामा रहनेछ।

९. **नवीकरण :**

क. यस आठराई गाउँपालिकाले दीर्घ रोगी तथा विपन्न नागरिक सहायता कोषवाट नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रममा छनौट भएका सम्पुर्ण विमितहरुलाई पहिलोपटक र प्रत्येक बर्ष नवीकरणको लागि लाग्ने शुल्कमा देहाय बमोजिमको अनुदान उपलब्ध गराइनेछ।

**देहाय:-**

| अवधि | आठराई गाउँपालिकाले उपलब्ध गराउने रकम | बिमितले व्यहोर्नु पर्ने रकम |
|---|---|---|
| पहिलो वर्ष | १०० प्रतिशत | |
| दोस्रो वर्ष र सो भन्दा पछि | ५० प्रतिशत | ५० प्रतिशत |

१०. **अभिलेख तथा प्रतिवेदन :-**

दिर्घ रोगी वा विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रम सिफारिस तथा निर्णय भई सहायता सहुलियत पाउन सेवाग्राहीहरुको विवरण लगायत अन्य बवश्यक कागजातहरु स्वास्थ्य शाखामा अनिवार्य रुपमा अभिलेखीकरण गर्नुपर्नेछ। स्वास्थ्य शाखाले प्रत्येक बर्ष स्वास्थ्य वीमा कार्यक्रम सम्पन्न भएको १५ दिनभित्र गाउँपालिकासमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

११. **लेखा परीक्षण गराउनु पर्ने :-**

यस कोष/निर्देशिका अन्तर्गत भएको खर्चलाई कानून बमोजिम लेखा परिक्षण गराउनु पर्ने कर्तब्य आठराई गाउँपालिकाको कार्यालयको हुनेछ।

**१२. कारवाही हुने :-**

यस निर्देशिका विपरित कार्य गर्ने पदाधिकारी, स्वास्थ्य संस्था, कर्मचारी तथा सेवाग्राहीलाई प्रचलित कानुन वमोजिम कार्वाही चलाउन सक्नेछ।

**१३. खारेजी र संशोधन:-**

गाउँ कार्यपालिकाले यो निर्देशिका आवश्यकता अनुसार संशोधन वा खारेज गर्न सक्नेछ।

## अनुसूची – १

## दिर्घ रोगी वा विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रमको लागि दिने निवेदन/नवीकरणको ढाँचा

मिति : ............................

विषय : दीर्घ रोगी / विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रममा समावेश/ नवीकरण हुन पाउँ वारे ।

**श्रीमान अध्यक्ष ज्यू ,**
**आठराई गाउँपालिका सक्रान्तिबजार, तेह्रथम ।**

प्रस्तुत विषयमा आठराइ गाउँपालिका ..........वडा नं.,......................गाउँ/टोल स्थायी ठेगाना भएको उमेर .............. वर्षको .....................राष्ट्रिय परिचयपत्र नं./ नागरिकता प्रमाण-पत्र नं. ...................................सम्पर्क नं. भएको म.............................. सम्बन्धित वडाबाट प्रमाण खुल्ने सम्पूर्ण आवश्यक कागजात सहित दीर्घ रोगी/विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रममा समावेश/नवीकरण हुन पाउँ भनी निवेदन पेश गरेको छु । पेश भएको व्यहोरा ठीक साँचो हो , झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहूँला बुझाउँला ।

निवेदक :
हस्ताक्षर :
नाम ,थर : लिङ्ग :
ठेगाना :
सम्पर्क नं. :

अनुसूची – २

<u>दिर्घ रोगी वा विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रमको लागि दिने सिफारिस पत्रको ढाँचा</u>

मिति :

विषय : दीर्घ रोगी / विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रममा सिफारिस गरिएको बारे।

**श्री आठराई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय ,**
**सक्रान्तिबजार, तेह्रथम।**

आठराइ गाउँपालिका वडा नं. ,........स्थायी बसोबास भएका देहाय बमोजिमका दीर्घ रोगी/ विपन्न नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र/नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा बच्चाको हकमा जन्म दर्ता प्रमाण-पत्रको प्रतिलिपी र आवश्यक रोग प्रमाणित कागजात यसै सिफारिस पत्र साथ संलग्न गरी आठराई गाउँपालिकाको नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रममा सहभागी गराउन सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

देहाय :-

| क्र.सं. | दीर्घ रोगी/विपन्न नागरिकको नाम, थर | रा.प्र.नं./ ना.प्र.नं./ जन्मदर्ता प्र.प.नं. | बुवा/आमाको नाम, थर | कैफियत |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

नोट: कोलम नं. २ मा उल्लेखित नाममध्ये घरमूली भए कैफियत महलमा घरमूली लेख्ने।

..................
वडा अध्यक्ष

आज्ञाले,
निराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत